आर्थिक बर्ष : २०७९/८०
बैठक संख्या : १५

आज मिति २०८०/०२/३१ गतेका दिन विरुवा गाउँपालिका गाँउकार्यपालिकाको कार्यालयमा गाउँ कार्यपालिकाका अध्यक्ष श्री सूर्य बहादुर कुँवर ज्यूको अध्यक्षतामा वसेको कार्यपालिकाको बैठकबाट निम्न अनुसारको उपस्थितिमा तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थितिः

श्री सूर्य बहादुर कुवँर अध्यक्ष
श्री भगवती शर्मा उपाध्यक्ष
श्री राजेन्द्र कुमार के.सी. सदस्य
श्री नोम बहादुर गुरुङ सदस्य
श्री मनुकुमारी राना सदस्य
श्री मुक्त बहादुर गुरुङ सदस्य
श्री ङन बहादुर थापा सदस्य
श्री कृष्णबहादुर क्षेत्री सदस्य
श्री मेखराज गुरुङ सदस्य
श्री नविन कुमार आले सदस्य
श्री कुशुम देवी शर्मा श्रेष्ठ सदस्य
श्री र माया गुरुङ सदस्य
श्री दुर्मा देवी थापा सदस्य
श्री इन्दिरा पोखेल सदस्य
श्री पाल सिं विश्वकर्मा सदस्य
श्री कोपिला वि.क. सदस्य
श्री चन्द्रकान्त भण्डारी सदस्य सचिव प्र.प्र.अ.
श्री पिताम्बर पोखेल प्रशासन शाखा प्रमुख

CamScanner

मिति :२०८०/०२/३१

निर्णय नं. १

विरुवा गाउँपालिकाको १३ औं गाउँसभा (बजेट अधिवेशन) २०८०/०३/०९ गतेबाट विरुवा गाउँपालिका कार्यालयको सभाहलमा संचालन हुनेगरी आयोजना गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. २

विरुवा गाउँपालिकाको विरुवा प्रज्ञा प्रतिष्ठान संचालन ऐन, २०७९ को परिच्छेद ३ तथा विरुवा प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधि, २०७९ को परिच्छेद ३ अनुसार विरुवा प्रज्ञा प्रतिष्ठान पदाधिकारी र सदस्य मनोनयन सिफारिस समितिबाट सिफारिस भई आएका तपसिलका सदस्यहरुलाई प्रज्ञा प्रतिष्ठान कार्यसमिति र प्रज्ञा प्रतिष्ठान परिषदमा मनोनयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

तपसिल :

<u>विरुवा प्रज्ञा प्रतिष्ठान कार्यसमिति</u>

अध्यक्ष :- श्री शंकर विरही गुरुङ – विरुवा गाउँपालिका ८
उपाध्यक्ष :- श्री पिताम्बर शर्मा – विरुवा गाउँपालिका ४
सदस्य :- श्री खड्क बहादुर गुरुङ- विरुवा गाउँपालिका ७
सदस्य :- श्री भिमलाल थापा- विरुवा गाउँपालिका ३
सदस्य :- शिक्षा शाखा प्रमुख- विरुवा गाउँपालिका

<u>विरुवा प्रज्ञा प्रतिष्ठान परिषद सदस्य</u>

श्री नवल बहादुर थापा – विरुवा गाउँपालिका ५
श्री नन्द कुमारी खड्का – विरुवा गाउँपालिका १
श्री कमला थापा – विरुवा गाउँपालिका ६
श्री लेख बहादुर आले – विरुवा गाउँपालिका ४
श्री खेमराज गुरुङ – विरुवा गाउँपालिका २
श्री लक्ष्मी वसेल – विरुवा गाउँपालिका ४

निर्णय नं. ३

विरुवा गाउँपालिकाको विरुवा प्रज्ञा प्रतिष्ठान संचालन ऐन, २०७९ को परिच्छेद ३ तथा विरुवा प्रज्ञा प्रतिष्ठान संचालन कार्यविधि, २०७९ बमोजिम तपसिलका सदस्यहरुलाई विरुवा प्रज्ञा प्रतिष्ठानको परिषद सदस्यको रुपमा मनोनयन गर्ने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner

तपसिल :

श्री युवराज वाग्ले – विरुवा गाउँपालिका ५
श्री गणेश राना – विरुवा गाउँपालिका ८

**निर्णय नं. ४**

विरुवा गाउँपालिका क्षेत्रभित्र फैलिईरहेको लम्पी स्कीन सरुवा रोग नियन्त्रणका लागि आवश्यक औषधी र खोप सामाग्री खरिदका लागि चालु भैपरी खर्च शिर्षकबाट रु २,५५,०००/- खर्च गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ५**

विरुवा गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन पुरा गर्न पुरानो भवन भत्काउनुपर्ने देखीएको हुँदा उक्त पुरानो भवन भत्काउनका लागि अनुमती प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ६**

विरुवा गाउँपालिकाको आ.व. २०७९/८० मा प्रदेश समपुरक योजनामा समावेश भन्ज्याङ्ग बाहु विरुवा सडकको निर्माण कम्पनीसंगको निर्माण सम्झौता अवधी २०८०/०३/२० गतेसम्मका लागि थप गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ७**

विरुवा गाउँपालिकाको आफ्नो मौलिकता र पहिचान झल्कने गरी विरुवा गाउँपालिकाको लोगो निर्माण गर्ने र सो को लागि सार्वजनिक सूचना प्रकासन गर्ने निर्णय गरियो ।साथै उत्कृष्ठ लोगो निर्माण गरी छनौट समितिबाट छनौट हुन सफल हुने लोगो निर्माणकर्तालाई गाउँपालिकाको तर्फबाट रु २५,०००/- प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

**निर्णय नं. ८**

विरुवा गाउँपालिका वडा नं. ४ कार्यालय परिसर लेवलिङ तथा सरसफाईको काम सम्बन्धमा यथार्थ अध्ययन गरी प्रतिवेदन पेश गर्न गठित समितिले कार्यपालिका समक्ष पेश गरेको प्रतिवेदन स्वीकृत गरी उक्त समितिको प्रतिवेदनको आधारमा प्राविधिक मुल्याङ्कन अनुसारको रकम भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो ।

CamScanner

निर्णय नं. ९

नेपाल रेडक्रस सोसाईटी स्याङ्जा बाट संचालित रक्तसंचार केन्द्रलाई विरुवा गाउँपालिकाको तर्फबाट रु ५०,०००/- आर्थिक सहयोग प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. १०

विरुवा गाउँपालिका वडा नं. ४ स्थित श्री खुदी युवा क्लबलाई कार्यक्रम खर्च शिर्षकवाट रु ४०,०००/- आर्थिक सहयोग स्वरुप उपलब्ध गराउने सर्वसहमतिले निर्णय गरियो ।

निर्णय नं. ११

विरुवा गाउँपालिका वडा नं. ८ स्थित मेथाभुरुङ्ग भासेपोखरी सडक खण्डको खरखरेमा अविरल वर्षाको कारण पहिरो गई अबरुद्ध भएको सडक खुलाउने क्रममा खर्च भएको प्राविधिक लागत ईस्टीमेट र मूल्याङ्कन अनुसारको रकम रु ४७,९७९/- आकस्मिक परिस्थितिजन्य निर्माण उद्धार खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. १२

धोवादी विरुवा सडकखण्डको गोब्रेखोला स्थित ढलान गर्ने क्रममा सो सडकखण्ड अवरुद्ध हुंदा उक्त सडकको वैकल्पिक सडकको रुपमा प्रयोग गरिएको विरुवा आर्केकोट अर्चले सडकखण्डको सरसफाई गर्दा र विरुवा गाउँपालिका कार्यालय परिसरभित्र विद्युत ट्रान्समिटर राख्ने स्थान सम्याउने क्रममा जे.सि.वि. प्रयोग गर्दा लागेको खर्च रकम प्राविधिक मुल्याङ्कन अनुसार आकस्मिक परिस्थितिजन्य निर्माण उद्धार खर्च शिर्षकबाट भुक्तानी दिने सर्वसहमतिले निर्णय गरियो।

निर्णय नं. १३

विरुवा गाउँपालिकाको आ.व.२०७९/८० को बार्षिक बजेट तथा कार्यक्रममा समावेश कृषि कार्यक्रम शिर्षकको खर्च हुन बाँकी रकममध्ये रु ३०,०००/- कृषि शाखाका लागि आवश्यक सामाग्री खरीद गर्न खर्च गर्ने सर्वसहमतिले निर्णय गरियो।

CS CamScanner